म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३३४ सोमबार १ साउन २०८० ने. सं. ११४३ दिल्लाथ्व 17 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती खोलाले बगाउँदा एकजनाको मृत्यु



हेटौंडा, ३१ असार/ मकवानपुरको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा खोलाले बगाउँदा एकजनाको मृत्यु भएको छ । बागमती गाउँपालिकास्थित बागमती खोलाले बगाएर स्थानीय वडा नम्बर १ का लघुदोर्जे दोङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । खोला तर्ने क्रमाम ४६ वर्षका दोङको मृत्यु भएको मकवानपुर प्रहरीका प्रवक्ता टेकबहादुर कार्कीले बताए । खोलाले बगाएर मृत्यु भएको दोङको शव निकालिएको र पोष्टमाटमका लागि हेटौंडा ल्याइएको मकवानपुर प्रहरीले बताएको छ ।

### हेटौंडा-काठमाडौं छोटोमार्गले दिएको पीडा

# वर्षौंदेखि जनताले भोगे, ६ वर्षदेखि सांसदले नै हैरानी खेपे

निशा गुरुङ

हेटौंडा, ३१ असार/ हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्ग (भैंसे-कुलेखानी-फाखेल-फर्पिङ-बल्खु सडक)ले दिएको हैरानी र पीडाको कथाव्यथा सानोतिनो छैन ।



तत्कालीन समयमा कुलेखानी जलविद्युत आयोजना निर्माणका क्रममा बनाइएको साँघुरो सडक नै अहिले संघीय राजधानी काठमाडौं र बागमती प्रदेश राजधानी हेटौंडा जोड्ने सबैभन्दा छोटो मार्ग बनेको छ । यस सडकबाट दैनिक सयौं सवारीसाधन गुड्ने गरेका छन् । ८० किलोमिटर दुरी रहेको छोटो मार्गअन्तर्गत् भीमफेदी-कुलेखानीको १६ किलोमिटर मात्रै कालोपत्रे छ तर, धेरै जोखिम युक्त । साँघुरो सडकमा अत्याशलाग्दो मोडले यात्रुहरुको ढुकढुकी बढाउने भीमफेदी-कुलेखानी सडक छ ।

त्यस बाहेक भैंसेदेखि भीमफेदीसम्म, कुलेखानीदेखि फाखेल हुँदै फर्पिङ र कुलेखानी हुँदै सिस्नेरी-छैमले र फर्पिङ सडक खण्डको कन्तबिजोगलाई धेरै यात्रुले पटक-पटक सम्झन चाहँदैनन् । तर, जोखिमकै छोटोमार्ग प्रयोग गरेर हेटौंडा-काठमाडौं यात्रा गर्न यात्रु बाध्य छन् । विगतमा नागरिकले दैनिक गुनासो गर्दा पनि सरकारको चासो नपर्दा सडक स्तरीकरण हुन सकेको छैन । विगत ६ वर्षदेखि राज्य पुनःसंरचना पश्चात प्रदेश सरकार स्थापना भएपछि बागमती प्रदेशका सांसदहरु निरन्तर हेटौंडा-काठमाडौं यात्रारत् छन् । हाल जनता र सांसदहरुको दुःख, पीडा र हैरानी भने एउटै छ । यतिसम्मकी सांसदहरुले ६ वर्षदेखि छोटोमार्ग स्तरीकरणको आवाज सदनमा उठाए पनि हालसम्म अवस्था उस्तै छ ।

विगतमा छोटोमार्ग तत्काल निर्माण गर्नुपर्ने आवाज उठाइरहने शालिकराम जम्कट्टेल बागमती प्रदेशको मुख्यमन्त्री छन् । बागमती प्रदेशको राजधानी हेटौंडा बनेपछि भने अधिकांश प्रदेश सांसदहरुको चिन्ता राजधानी आउजाउ गर्नुको हुन्थ्यो । काठमाडौंबाट हेटौंडा पुग्न धेरैमा ४ घण्टा लाग्ने गर्छ । तर, बर्खायाममा सडक अवरुद्ध हुँदा हेटौंडा पुग्न अझै बढी समय लाग्ने गर्छ । सडकमा पहिरोको जोखिम धेरै छ । जोखिम मोलेर सांसदलगायत प्रदेशका कर्मचारीहरु आउजाउ गर्छन् । अझ मनसुनको समयमा पहिरो खसिरहने र बाटो कच्ची भएकोले पनि संघीय र ाजधानीबाट प्रादेशिक राजधानी पुग्न निकै समय लाग्छ । त्यसैको मारमा परेका छन् सर्वसाधरणदेखि प्रदेशसभा सांसदसम्म ।

२०७६ पुस २७ गते प्रदेश ३ को स्थायी राजधानी हेटौंडा घोषणा भएको थियो । बागमतीको राजधानी हेटौंडा राख्ने पक्षको मतदानमा हेटौंडाको पक्षमा १०५ मत र विपक्षमा ३ मत परेको थियो । सत्तारुढ नेकपासहित मुख्य दलले राजधानी हेटौंडाको पक्षमा मतदान गरेपछि दुई तिहाइभन्दा धेरै मतले हेटौंडा राजधानीका रुपमा कायम भएको थियो । यसरी हेटौंडालाई नै राजधानी बनाउन मत दिने सांसदहरु नै हेटौंडामा बास बस्दैनन् । हेटौडामा राजधानी भइरहँदा सडकको अवस्थाले काठमाडौंबाट आउने प्रदेश सासंदहरुलाई पनि निकै असहज भएको छ ।

मनसुनको समयमा ओहोरदोहोर गर्नुपर्ने सडकको बिजोग, बाटोमा पहिरो पनि त्यत्तिकै जाने सडक अवरुद्ध हुँदा प्रदेशको महत्वपूर्ण बैठकमा समेत सहभागी हुन नपाउनेजस्ता विभिन्न समस्या भएका छन् काठमाडौं, दोलखा, सिन्धुपाल्चोक र काभ्रेका सांसदहरु । नेपाल मजदुर किसान पार्टीका प्रदेश सांसद तथा दलका नेता सुरेन्द्रराज गोसाईले प्रदेशको राजधानी हेटौडा भईरहँदा सदनमा पटक-पटक सडक स्तरोन्नती गर्न कुरा उठाएको बताउँछन् । तर, पनि सडक स्तरीकरण नहुँदा सास्ती झेल्नुपरेको बताए । अघिल्लो कार्यकालमा सडक अवरुद्ध हुँदा बजेट अधिवेशनको समयमा १२ घण्टा जाममा बस्नुपरेको तितो भोगाई रहेको उनले सुनाए ।

'राजधानी हेटौंडा भइसकेर दोश्रोपटकको निर्वाचित सरकार पनि आइसकेपछि सडक स्तरोन्नती पहिलो प्राथमिकता रहनुपर्थ्यो । तर, एउटा दलले अर्को दललाई दोष लगाउने परिपाटीले संघीय राजधानीबाट प्रदेशको राजधानी जोड्ने सडकको बिजोक कस्ले देख्ने ?', उनले प्रश्न गरे, 'यस विषयमा हामीले रचनात्मक सुझाव दिनुका साथै दवाव पनि दिँदै आएका छौं, हेरौं उहाँले के गर्नुहुन्छ ।', राप्रपा बागमती संसदीय दलका नेता उद्धव थापाले पनि हेटौंडा राजधानी भइसकेपछि पनि सडक स्तरोन्ती नहुँदा धेरै सांसदहरुले समस्या भोग्नु परेको बताए । उनले सडकसमेत राम्रो बनाउन नसक्दा बर्खाको बेला सडक अवरुद्ध हुने गरेको र त्यस कारण प्रदेशसभाको बैठकमा आउजाउ गर्ने सांसदलाई नै गाह्रो हुने बताए ।

बागमती प्रदेशसभामा समितिको महत्वपूर्ण बैठकहरु हुँदा बर्खामा बाटोमा पहिरो गएर घन्टौसम्म अवरुद्ध हुने गरेको र सांसदहरु बीच बाटोमा नै फस्ने गरेको उनले सुनाए । त्यस्तै नेपाली कांग्रेसका सांसद छिरिङ् दोर्जे लामाले पनि प्रदेशसभाको बैठकमा बर्खायाममा पहिरो जाँदा हिड्न डर भएको बताउँछन् । सबै सडक एकैपटक निर्माण कार्य भइरहेको हुनाले पनि त्यो समस्या भएको भन्दै स्तरोन्नती पनि एकैपटक सम्पन्न हुने उनले बताए । अघिल्लो कार्यकालमा हेटौंडामा राजधानी राख्ने विषयमा दलको आदेश आएपछि काभ्रेमा नभई हेटौंडामा नै मतदान गर्नुपरेको उनले बताए ।

*बाँकी पृष्ठ-४....*

# मकवानपुरमा राष्ट्रिय परिचयपत्र वितरणको तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले राष्ट्रिय परिचयपत्र (कार्ड) वितरणको तयारी थालेको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागद्वारा छपाई गरी पठाइएको ३५ हजार ८ सय ६१ राष्ट्रिय परिचयपत्र (कार्ड) आईतबार मकवानपुर प्रशासनमा आइपुगेको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा फोटो सहित खिचाएका कार्डहरु मात्र आएको र प्राप्त कार्डलाई रुजु गरी वितरणको तयारी गरिने प्रमुख जिल्ला अधिकारी सूर्य सेढाईले बताए ।

मकवानपुरमा पहिलो चरणमा यसअघि २ हजार ७ सय २० वटा कार्ड आईपुगेको थियो । कार्ड वितरण प्रक्रियाका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले केहीदिनअघि आयोजना गरेको प्रशिक्षणमा मकवानपुर प्रशासनका तर्फबाट राष्ट्रिय परिचयपत्र शाखाका कम्प्युटर अपरेटर सगुन पुडासैनीलाई पठाएको थियो ।

पहिलो र दोश्रो चरण गरी मकवानपुरमा आइपुगेका ३८ हजार ५ सय ६१ वटा कार्डलाई सर्टीङ गरी प्रशासनले वितरण गर्ने तयारी थालेको प्रजिअ सेढाईले बताए ।

प्राप्त कार्डहरुको नाम अनुसार मोवाइलमा म्यासेज गर्ने र सोही आधारमा कार्ड प्राप्त गर्ने नागरिकले प्रशासनमा गएर स्वयम सहभागी भई दश औलाको बायोमेट्रिक लिएर मात्र प्राप्त गर्न सकिने प्रजिअ सेढाईले बताएका छन् ।

# मनहरीमा ११ बर्षीया बालिका बलात्कृत, एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ मनहरी गाउँपालिका-७ लामाबस्तीमा एक बालिका बलात्कृत भएकी छन् । असार २९ गते बिहान ४ बजे ११ बर्षीया बालिका बलात्कृत भएको इलाका प्रहरी कार्यालयले जनाएको छ ।

बालिका बलात्कृत भएको घटना बाहिर आएपछि घटनामा संलग्न सोही स्थानका मनिकलाल गोलेलाई पक्राउ गरी कानूनी कारबाही थालिएको प्रहरी निरीक्षक कृष्णराज ढकालले बताए । पक्राउ परेका गोलेले पनि बालिकालाई बलात्कार गरेको स्वीकार गरेको र बालिकाले पनि बलात्कृत भएको घटना खुलस्त जानकारी गराएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका गोलेलाई जबरजस्ती करणी मुद्दामा म्याद थप गरी अनुन्धान अघि बढाइएको छ भने बालिकालाई सिविन बाल हेल्पलाइनमा सुरक्षित राखिएको छ । जघन्य प्रकृतिको घटनामा समेत मेलमिलाप गराउन केही मानिसहरु लागिपरेको र प्रहरीले जघन्य घटनाबारे छलफल नै नहुने बताएपछि असार ३० गते साँझ ढिलो गरी जाहेरी दर्ता भएको बताएको छ ।

बलात्कार घटनासँग ती बालिकामाथि अन्य केही व्यक्तिले पनि नियमित यौनदुर्ब्यवहार गर्दै आइरहेको बताइन्छ । चकलेट, बिस्कुट दिन्छु भनेर बालिकाको यौनशोषण गर्ने लगायतका क्रियाकलाप हुने गरेको आरोप लागेको छ । तर, त्यस्ता दुर्व्यबहारका घटना प्रहरीसामु पीडित तथा अन्यले नपुऱ्याएको र पक्राउ परेका ब्यक्ति स्वयम्ले जबरजस्ती करणी गरेको स्वीकार गरेको इलाका प्रहरी कार्यालय मनहरीले जनाएको छ ।

Join IT Career in HCC

Admission Open
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

ADMISSIONS OPEN FOR
+2
• SCIENCE
• MANAGEMENT
• HOTEL MANAGEMENT
• BEAUTICIAN & HAIRDRESSING
(Under Faculty of Management)
» ENROLL NOW



CLASS STARTS FROM
15th SHRAWAN

For inquiry:
9855074222

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
Hetauda-4, Makawanpur
info@hsm.edu.np
www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# सालतमामी हिसावकिताव

उत्तरायण (माघ १ गतेदेखि असारमसान्तसम्म) लाई देवताको दिन र दक्षिणायन (श्रावण १ देखि पुसमसान्तसम्म) लाई देवताको रात भनिन्छ । रात र दिनको उत्तिकै महत्व हुनाले उत्तरायणमा नयाँ घर सर्ने, बिहे, ब्रतवन्ध आदि शुभकर्म बढी हुनेगर्छ भने दक्षिणायन समयमा अधिकांश मुख्य चाडपर्व चतुर्मास व्रत, बडादशैं, नागपञ्चमी, हरितालिका, कृष्णजन्माष्टमी, रक्षाबन्धन, दीपावली आदि पर्दछन् । पितृहरुका लागि विशेष उपासना गर्ने पितृपक्ष यसैबेला पर्छन् भने मानिसको इहलीला समाप्त हुने पुण्य बेलाचाहिं तुलनात्मकरुपमा उत्तरायणलाई बढी शुभ मानिएको छ । हिलो, मैलो, वर्षाको कारण घाउखटिरा आदि चिलाउने छालाजन्य रोग नलाग्न साउने सङ्क्रान्तिको साँझपख लुत्तो फाल्ने चलन छ । लुत्तो फालेपछि जडीवुटीको रुपमा रहेको कुकुरदाइनोको पात जलाएर घाउ खटिरामा लगाउने चलन छ । साँझपख कण्डारक नामक पिशाचको पूजा गरी लुतो फाल्नाले छालाजन्य रोग नलाग्ने जनविश्वास छ । अर्को धसिङ्गरेको बोट बाल्ने, पड्काउने, सल्लाको काठको मुठालाई ७ वटा पार्ने ती मुठालाई निशाचार पिशाचलाई चढाई ४ वटा सल्लाको दाउरालाई आफ्नो घरको मूलधुरी नाघ्ने गरी चारै दिशामा फाल्ने अनौठो संस्कृति अहिले पनि गाउँघरमा पाइन्छ ।

धार्मिक मान्यता एकातिर छ भने अर्कोतिर सकारको आर्थिक प्रशासन संयन्त्र पनि असार मसान्तबाट परिबर्तन हुने गरेको छ । चालु आर्थिक वर्ष २०७९/८० सकिएको छ । आज १ साउनदेखि संघीय, प्रदेश र स्थानीय तहको नयाँ बजेट खाता सञ्चालन हुनेछ । जसका लागि तीन तहका सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि अनुमानित बजेट पारित गरिसकेका छन् । साउनबाट सुरु हुने नयाँ आर्थिक वर्षको बजेट कार्यान्वयनको चरणमा जानेछ । मकवानपुरका १० वटै स्थानीय तहको भुक्तानी दिनुपर्ने बाँकी दायित्व र फरफारक बारे टुंगो लागिसकेको छ । २४ असार राति १२ बजेबाट महालेखापरीक्षकको कार्यालयले सूत्रप्रणाली बन्द गरेसँगै चालु आर्थिक वर्षको खर्च टुंगिएको हो । कतिपय स्थानीय तहहरु आन्तरिक हिसाब मिलानमा व्यस्त छन् । २४ असारभित्र प्रक्रिया पुगेर पनि हुन नसकेका खर्चलाई तीनवटै सरकारले आगामी आर्थिक वर्षमा दायित्व सारेर भुक्तानी दिने गर्छन् । मकवानपुरका १० वटा स्थानीय तहमध्ये ३ वटा पालिकाले काम सम्पन्न हुन नसकेका योजना बाहेकको हकमा २४ असारभित्र योजना र कार्यक्रमको खर्चअनुसार भुक्तानी निकासा बन्द गरिसकेका छन् । भुक्तानी दिने कार्य सकिएपछि उपभोक्ता समिति, निर्माण व्यवसायी लगायतको गुनासो सुन्न नपरेपछि तीन पालिकालाई हाइसञ्चो भएको छ । तर, ७ वटा पालिकाले भने समयमै फाइल नल्याएका कारण र २४ असारमा सुत्रप्रणालीलाई देखाएर भुक्तानी दिन सकेका छैनन् । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १, ३, ७ र ८ बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै निकासा र खर्चको लेखाङ्कन तथा भूक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी प्रावधानलाई ७ पालिकाले अक्षरस: पालना गर्न सकेनन् । चालू आर्थिक वर्षमा बिनियोजित बजेटको खर्च सतप्रतिशत नभएता पनि निकासा र खर्चको लेखाङ्कन तथा भूक्तानी निकासा बन्द गर्नेमा थाहा नगरपालिका, कैलाश गाउँपालिका र बकैया गाउँपालिका छन् । जसमध्ये थाहा नगरपालिकाले २४ असार अगावै भुक्तानी प्रक्रिया टुंग्याइसकेको छ । १५ असारभित्रै महत्वपूर्ण योजनाको भुक्तानी दिएको र २४ असारमा दिउँसै हिसाब मिलान गरिसकेको थाहाले जनाएको छ ।

थाहा नगरपालिकाले चालु आर्थिक वर्षमा ८० दशमलव ५९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । यो प्रगति गत आर्थिक वर्ष २०७८/७९ को तुलनामा १ दशमलव ७९ प्रतिशत बढी हो । थाहानगरले चालू आर्थिक वर्ष २०७९/८० का लागि विनियोजित १ अर्ब १९ करोड २६ लाख ११ हजार ८ सय ६२ मध्ये ९४ करोड ६७ लाख ३८ हजार ८ सय ५६ रुपैयाँ खर्च गर्न सफल भयो । कैलाश गाउँपालिकाको चालु आव २०७९/८० को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमअनुसार सबै भुक्तानी दिइसकेको छ । चालुतर्फ ८५ दशमलव ९५ प्रतिशत, पुँजिगततर्फ ६४ दशमलव ०२ प्रतिशत र समग्रमा ७७ दशमलव ३४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । बकैया गाउँपालिकाले पनि भुक्तानी कार्य २४ असार भित्रै सकेको हो । तर, बकैयामा योजना नै सम्पन्न नभएका कारण ४-५ वटाको भुक्तानी भने रोकिएको बताइएको छ । बकैयाको वित्तीय प्रगति ७९ दशमलव ७३ प्रतिशत छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन २ गते मंगलबार १८ जुलाई २०२३ । प्रतिपदा, अधिक श्रावण शुक्लपक्ष । अनलागा ११४३ ने.सं. । सूर्योदय ५:२०, सूर्यास्त ६:५९ । कमैया मुक्ति दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : धन कमाउने योग परेको छ | **तुला** | : कल्याणकारी कार्यको अवसर |
| **वृष** | : पश्चात्ताप लाग्नेछ | **वृश्चिक** | : अधिक परिश्रम गर्नु पर्नेछ |
| **मिथुन** | : शारीरिक आलस्यता बढ्नेछ | **धनु** | : मेहनतको फल पाइनेछ |
| **कर्कट** | : सकारात्मक सोचाइ रहनेछ | **मकर** | : कार्यभार र व्यस्तता बढ्नेछ |
| **सिंह** | : दया मायाका कार्य हुनेछन् | **कुम्भ** | : व्यापार-व्यवसाय सामान्य रहनेछ |
| **कन्या** | : धार्मिक आस्था बढ्नेछ | **मीन** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ |

# नेपालको भूराजनीति, अर्थ- राजनीति र सेनाको आकार



✍ डा. पूर्ण सिलवाल



विश्व भूराजनीतिले कोल्टे फेर्दै गर्दा सुरु भएको रूस-युक्रेन युद्धले अन्तर्राष्ट्रिय सुरक्षालाई दोस्रो विश्वयुद्धपछिको सबैभन्दा कठिन मोडमा पुर्‍याएको छ । रूस-युक्रेन युद्धसँगै सुरु भएको शक्ति राष्ट्रहरूबीचको ध्रुवीकरणले दोस्रो शीतयुद्धलाई जन्माइसकेको छ ।

सम्भावित युद्धको खतरालाई ध्यानमा राखेर पश्चिमा राष्ट्रहरूले प्रतिरक्षा बजेट ह्वात्तै बढाएका छन् भने नेपालका उत्तरी र दक्षिणी छिमेकीहरूले पनि सैनिक शक्ति सुदृढीकरण र प्रभाव क्षेत्र विस्तारलाई तीव्रता दिएका छन् । अमेरिका-चीन र भारत-चीनबीच बढ्दो तनावले नेपालमाथि चौतर्फी रणनीतिक दबाब सिर्जना गर्न थालिसकेको छ ।

के नेपालले यो संकटोन्मुख परिस्थितिबाट उत्पन्न चुनौतीहरूलाई राष्ट्रिय सहमतिका साथ सन्तुलित ढंगले सम्बोधन र व्यवस्थापन गर्दै आफ्नो अस्तित्वको रक्षा र आर्थिक विकासलाई सँगसँगै हासिल गर्न सक्छ त भन्ने महत्वपूर्ण प्रश्न खडा भएको छ । यस लेखमा आर्थिक विकास र सेनाको आकारबीचको अन्तरसम्बन्धलाई सान्दर्भिक तथ्याङ्क सहित विश्लेषण गरिएको छ ।

**सेना कटौतीको भाष्य**

दक्षिण एशियामा सबैभन्दा ठूलो सेना भएका भारत, पाकिस्तान र बंगलादेशमा सेनाको आकार र क्षमता जस्तो संवेदनशील विषय सञ्चारमाध्यममा छलफलको विषय बन्दैन । यदाकदा बने पनि सकारात्मक छलफल मात्र भएको पाउँछौं । नेपालमा २०४७ सालको परिवर्तनपछि यो विषय पटक-पटक खुला छलफलमा ल्याइएको छ । फेरि अहिले सेना कटौतीको विषयलाई स्वार्थ समूह र व्यक्तिहरू मार्फत उपलब्ध सबै मञ्च र माध्यमलाई उपयोग गरी बहसमा ल्याइएको छ ।

नेपाल सरकारले नै सेना कटौती गर्न चाहेको भए सञ्चारमाध्यममा हल्ला गरिरहनु र सेनालाई अनावश्यक लाञ्छना लगाइरहनु आवश्यक नै छैन । यसको लागि मन्त्रिपरिषद्को एउटा निर्णय नै काफी छ । तर अहिले यस विषयको उठान विभिन्न भित्री-बाहिरी समूहको निहित स्वार्थ अनुकूल सरकारमाथि दबाब सिर्जना गरी सेनाको संख्या कटौती गर्न बाध्य पार्ने नियतबाट अभिप्रेरित देखिन्छ ।

एकाथरी बुद्धिजीवीहरूले राष्ट्रिय सेनालाई जातीय, क्षेत्रीय र भाषिक संकीर्णतामा डुबेर हेर्ने गरेको पाइन्छ । राष्ट्रिय सेनाप्रति तराई र हिमालका जनताले एउटा दृष्टिकोण र पहाडी क्षेत्रका जनताले अर्को दृष्टिकोण राख्छन् भन्ने भाष्यलाई उछालेर देशलाई भौगोलिक क्षेत्रको आधारमा विभाजन गराउने निहित स्वार्थबाट अभिप्रेरित देखिन्छ । सुरक्षा क्षेत्रको आकार र क्षमता देशको अस्तित्वसँग प्रत्यक्ष जोडिएको संवेदनशील र रणनीतिक विषय हो ।

सेनाको आकार र क्षमता बाह्य सुरक्षा र आन्तरिक सुरक्षा चुनौती र देशलाई सैनिक रूपमा कति सबल बनाउने भन्ने उद्देश्यबाट प्रभावित हुन्छ । छानीछानी विश्वका एकाध देशको उदाहरण पेश गर्दै सेनाको आकार ठूलो भयो भने लोकतन्त्रलाई खतरा हुन्छ भन्ने जस्ता तर्कहरू अघि सारेको पाइन्छ । त्यसो भए के भारत र अमेरिकाको लोकतन्त्रलाई उनीहरूको भीमकाय सेनाबाट खतरा छ ? नेपालको सन्दर्भमा यति चाहिं भन्न सकिन्छ, नेपालमा लोकतन्त्रलाई यदि कतैबाट खतरा छ भने त्यो लोकतन्त्रवादीहरू बाटै छ ।

नेपालको अर्थतन्त्र कमजोर हुनुमा सेनाको आकार होइन नीति-निर्माताहरूको अक्षमता नै जिम्मेवार छ । नेपाल असफल राष्ट्र भएको समाचारहरू पनि आउन थालेका छन् । के सेनाको आकारकै कारणले देश त्यस्तो नाजुक स्थितिमा पुगेको हो त ?

२०६२/६३ को सेरोफेरोमा देशमा गणतन्त्र आयो भने सबै समस्याको समाधान हुन्छ र सेनाको संख्या २० हजारमा झार्नुपर्छ भन्ने भाष्यलाई व्यापक प्रचारमा ल्याइयो । सेना आर्थिक विकासको लागि बाधक छ, त्यसैले सेनाको संख्या कटौती गर्‍यो भने नेपाल छिट्टै सफल राष्ट्रमा रूपान्तरित हुन्छ भन्ने भाष्य अघि सारिएको छ । कति सेना कटौती गर्‍यो भने नेपालको आर्थिक वृद्धिदर डबल डिजिटमा पुग्छ ? नेपालका प्रख्यात अर्थविद् र विश्लेषकहरूले यसबारे जनतालाई स्पष्ट पारेर कटौतीको प्रस्ताव राखे भइहाल्यो नि ! तर, पछि प्रमाणित गरेर देखाउने हिम्मत त गर्नैपर्छ । सेना देशको लागि हो । देश त सेनाले होइन जनताबाट निर्वाचित दल र त्यसका नेताहरूले सञ्चालन गरिरहेका छन् । अरू लोकतान्त्रिक देशहरूमा सेना कत्रो र कस्तो हुनुपर्छ भन्ने रणनीतिक निर्णय र सेनामाथिको अपनत्व पनि सरकार आफैंले लिन्छ ।

नेपाली सेना सीमा सुरक्षामा गएन भनेर विभिन्न कोणबाट आलोचना हुने गरेको छ । सीमा सुरक्षाको लागि बंगलादेशमा बोर्डर गार्ड बंगलादेश (बीजीबी), भारतमा पाकिस्तान र बंगलादेशको सीमातर्फ बोर्डर सेक्युरिटी फोर्स (बीएसएफ) तथा नेपालतर्फ सीमा सुरक्षा बल ( एसएसबी) र पाकिस्तानले विभिन्न नाम गरेका प्यारा मिलिटरी फोर्स मोर्चाको अघिल्लो भागमा तैनाथ गरेका छन् । सेनालाई आमनेसामने तैनाथ गरेका छैनन् ।

सन् १९५५ मा नेपाल प्रहरी स्थापना हुनुअघि नेपालमा पनि सीमाको सुरक्षा र आन्तरिक सुरक्षा दुवै काम नेपाली सेनाले गर्दथ्यो । त्यसपछि आन्तरिक सुरक्षामा नेपाल प्रहरी र केही वर्ष अघिदेखि सीमा सुरक्षामा सशस्त्र प्रहरी बललाई तैनाथ गरिएको छ । यो व्यवस्था अन्तर्राष्ट्रिय प्रचलनलाई ध्यानमा राखेर नेपाल सरकारको निर्णय अनुसार भएको हो ।

कुनै पनि देशको सेनाले सधैं युद्ध लडेर बस्दैन । अहिले रूस र युक्रेनको सेना बाहेक कुनै पनि देशको सेनाले युद्ध लडिरहेका छैनन् । युद्ध नभएको बेला निरन्तर तालिम गरेर सेनाले आफूलाई भावी चुनौतीको लागि तिखारेर राख्ने काम गर्दछ । शान्तिको समयमा सेनाले राष्ट्र विकासमा सघाउने चलन अमेरिकाबाटै सुरु भएको हो । सडक निर्माणदेखि राष्ट्रिय निकुन्ज र हाइड्रोपावरको सुरक्षामा नेपाली सेनाको तैनाथी सरकारकै निर्णय अनुसार भएको हो ।

सैनिक जवान र उनीहरूमा आश्रित परिवारको कल्याणको लागि उनीहरूले शान्ति सेनामा कमाएको रकमको केही अंश योगदान गरेको रकमबाट कल्याणकारी फण्ड सञ्चालन हुँदै आएको छ । सैनिकको हौसला उच्च राख्न उनीहरूको कल्याणमा ध्यान दिनु अनिवार्य छ । भारत, पाकिस्तान र बंगलादेशमा जस्तो नेपालमा सरकारले भूतपूर्व सैनिक र बहालवाला सैनिकको आश्रित परिवारको कल्याणकारी कार्यमा आर्थिक लगानी गरेको छैन । यी कार्यहरू सेनाले सरकारको स्वीकृतिमा गर्न थालेको दशकौं भइसक्यो तर सेनाले व्यापार गर्‍यो भनेर बेलाबेलामा ब्रेकिङ न्यूज आए जस्तो गरी प्रचार गर्ने गरेको देखिन्छ ।

**आन्तरिक र बाह्य सुरक्षा चुनौती**

नेपाली सेनाको आकार वृद्धि र सशस्त्र प्रहरी बलको स्थापना तत्कालीन सरकारको इच्छा र योजनाले होइन, माओवादी सशस्त्र विद्रोहको चुनौती सामना गर्न बाध्यात्मक परिस्थितिमा गरिएको हो । अहिले तीव्र गतिमा परिवर्तन भइरहेको अनिश्चित, अस्थिर, जटिल र अस्पष्ट विश्व भूराजनीतिक वातावरणमा छिमेकी लगायत सबै राष्ट्रहरूले सैनिक तयारीलाई तीव्रता दिएका छन् । यसैबीच भारत र अमेरिकाको चीनसँग बढ्दै गएको तनावका प्रत्यक्ष असरहरू नेपालमा पनि देखापरिसकेको छ ।

बिजुली निर्यात, थप हवाई मार्ग प्राप्ति, एअरपोर्ट र सडक लगायत ठूला संरचना निर्माण, विस्फोटक पदार्थ आपूर्ति जस्ता महत्वपूर्ण मुद्दामा भारतको रवैया, अमेरिकाको हिन्द प्रशान्त रणनीति (आईपीएस) र चीनको ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई) जस्ता विषयले नेपाललाई ठूलै चेपुवामा पारेको छ । तर, यसरी सुरक्षा अनिश्चितता र दबाब बढेको बखत नेपाली सेनाको क्षमता विस्तार कसरी गर्ने भन्ने विषयमा व्यापक बहस हुनुको साटो सेना कटौती गर्न पो दबाब सिर्जना गरिएको छ ।

विगतलाई नियाल्ने हो भने राज्य-राज्यबीचका युद्ध र आन्तरिक सशस्त्र द्वन्द्वहरू राष्ट्रका इच्छा र योजना अनुसार मात्र भएका छैनन् । अधिकांश द्वन्द्व भूराजनीतिक स्थितिले गर्दा बाह्य शक्तिद्वारा थोपरिएर भएका छन् । युक्रेनमाथि पनि रूसले युद्ध थोपरेको हो । यद्यपि, युद्धको पृष्ठभूमिलाई केलाउने हो भने यसमा लामो वाद-प्रतिवाद गर्न चाहिं सकिएला । त्यसैगरी ब्रिटिस-भारतले पनि सन् १८१४ मा नेपालमाथि युद्ध थोपरेको थियो । नेपालले त्यतिबेला युद्ध चाहेकै थिएन ।

किनकि नेपाली फौज राज्य विस्तारमा व्यस्त हुँदा फौज टिष्टादेखि काँगडासम्म पातलो गरी फैलिएको अवस्था थियो । त्यस्तैगरी चीनको स्वशासित क्षेत्र तिब्बत विरुद्ध सञ्चालित खम्पा विद्रोह पनि नेपालको रणनीति अनुसार भएको थिएन, थोपरिएको थियो । छिमेकी विरुद्ध नेपाली भूमि प्रयोग हुन नदिने प्रतिबद्धता कार्यान्वयन गर्न कूटनीतिक माध्यमबाट सम्भव नभएपछि अन्त्यमा नेपाली सेना परिचालन गरी खम्पा विद्रोह समाधान गरिएको थियो । भविष्यमा पनि यस्तो खतरा उत्पन्न नहोला भन्न सकिदैन ।

रणनीतिक महत्वको नेपाली भूमि कालापानी पनि सन् १९६२ मा भएको चीन-भारत युद्धको सन्दर्भमा प्रयोग गर्न भारतले मागेको र हालसम्म फिर्ता नभएको अवस्था छ । भविष्यमा छिमेकीहरू चीन र भारतबीच वा चीन र अमेरिका बीच सैनिक द्वन्द्व भएमा त्यसक्रममा के उनीहरूले नेपाली भूमि विरुद्ध उपयोग गर्न खोज्छन् ? नेपाली भूमि एकअर्काका विरुद्ध उपयोग गर्न खोजेमा त्यो कति गम्भीर होला र त्यसलाई सम्बोधन गर्न नेपाली सेनाको क्षमता कस्तो हुनुपर्छ अहिलेदेखि नै सोच्नु आवश्यक छ । एउटा सुदृढ देशले चाहिं यस्तो कार्य निरन्तर गरिरहेको हुन्छ । अहिले विश्वका सम्भावित द्वन्द्वग्रस्त क्षेत्रहरू हिन्द-प्रशान्त र युरोपमा अवस्थित वा उनीहरूसँग समान स्वार्थ भएका अन्य मुलुकहरूले समेत आफ्नो सुरक्षा पूर्व तयारीलाई तीव्रता दिइरहेका छन् ।

उनीहरूले देशको अस्तित्वको रक्षालाई नै पहिलो प्राथमिकता दिने गरेका छन् । देश नै नरहे राज्य सञ्चालनका विविध पाटोहरू जस्तै अर्थतन्त्रबारे बहस नै किन आवश्यक पर्‍यो र !

**गुमाएको आर्थिक अवसर**

नेपाल विश्वकै दुई ठूला अर्थतन्त्र र बजारले घेरिएको देश हो । नेपालले प्रशस्त औद्योगिक, कृषिजन्य वस्तु र बिजुली उत्पादन गरेर ती ठूला बजारहरूमा निर्यात गरेर धनी हुनुपर्थ्यो तर त्यो अवसर गुमाएको दशकौं भइसक्यो । त्यसको ठीक उल्टो नेपाल अहिले उनीहरूको आकर्षक बजारमा पो परिणत भएको छ ।

नेपाल भारतको ११औं ठूलो निर्यात गन्तव्य मुलुकमा पर्दछ । अहिलेको विश्व भूराजनीतिक द्वन्द्वको बीच भारतले रूस र अमेरिका लगायत पश्चिमा देशहरूबाट उच्च प्रविधियुक्त उद्योगमा लगानी भित्र्याइरहेको छ । रूसबाट सस्तो मूल्यमा तेल आयात गरिरहेको छ । नेपालले न्यून प्रविधियुक्त उद्योग र हाइड्रोपावरमा समेत छिमेकीहरूबाट लगानी भित्र्याउन र निर्यात गर्न नसकेको अवस्था छ ।

आर्थिक र सैनिक शक्तिको विकासलाई सँगसँगै अघि बढाउन सकिन्छ । मन्त्रालयहरूले वार्षिक पूँजीगत बजेट समेत असार मसान्तभित्र आधा पनि खर्च गर्दैनन् । तर किन खर्च भएन भनेर छानबिन गरेको पनि सुनिँदैन । भारतमा नरेन्द्र मोदी प्रधानमन्त्री भएपछि सैनिक शक्ति र आर्थिक विकास दुवै क्षेत्रमा फड्को मारिरहेको छ ।

चीनले पनि आर्थिक र सैनिक शक्तिलाई विगत दुई-तीन दशकमा विश्वकै दोस्रो शक्तिशाली बनाएको छ । सिंगापुर र इजरायलले आर्थिक विकास र सैनिक शक्ति दुवैलाई हलगोरु जसरी सँगसँगै अघि हिंडाइरहेका छन् । तर, नेपाली नीतिनिर्माता र बुद्धिजीवीहरूले यी दुई शक्तिबीचको अन्योन्याश्रित सम्बन्धलाई बुझ्न सकेका छैनन् ।

**सेनाको आकार र आर्थिक विकासबीचको सम्बन्ध**

अमेरिकी विदेशमन्त्री रोबर्ट म्याक्नामाराले ७० को दशकतिर भनेका थिए– ‘सुरक्षा भनेको विकास हो र विकास नभईकन सुरक्षा हुँदैन ।’ सुरक्षा र विकासलाई सँगसँगै लैजान नसके देश भड्खालोमा पर्दछ । नेपालमा रणनीतिक संस्कृतिको अभाव भएकोले यो गहिराइमा पुगेर बुझ्ने र कार्यान्वयन गर्ने क्षमता प्रदर्शन भएको देखिँदैन ।

आर्थिक विकास र सुरक्षालाई सँगसँगै हिंडाउन सकिन्छ भन्ने उदाहरण खोज्न टाढा गइरहनुपर्दैन । नेपालको जत्रै क्षेत्रफल भएको बंगलादेशको प्रतिरक्षा बजेट हाल करिब ४.८८ अर्ब डलर छ भने प्रतिव्यक्ति आय नेपालको भन्दा दोब्बर अर्थात् अमेरिकी डलर २ हजार ४५७ पुगेको छ । नेपालको प्रतिरक्षा बजेट अहिले बंगलादेशको भन्दा करिब दश भागको एकभाग अर्थात् ०.४५ अर्ब डलर मात्र छ । नेपाल भन्दा आधा सानो क्षेत्रफल भएको श्रीलंकामा आर्थिक समस्या र ठूलो आकारको सेनाको बाबजुद पनि अहिले प्रतिव्यक्ति आय करिब ३ हजार ८०० अमेरिकी डलर छ ।

भारतले मोदीको प्रधानमन्त्रीत्व कालमा सैनिक क्षमता वृद्धि गर्न रूस, अमेरिका, फ्रान्स, इजरायल आदि देशहरूबाट रणनीतिक महत्वका हातहतियार, प्रविधि, पानीजहाज र लडाकू जहाजहरू खरिद गरेको छ । त्यसको बाबजुद सन् २०१४ मा विश्वको दशौं ठूलो आर्थिक शक्ति रहेको भारत त्यसको नौ वर्षपछि अहिले पाँचौं ठूलो आर्थिक शक्ति बनेको छ । विश्व बैंकको तथ्यांक मुताविक सन् १९९० मा भारतको प्रतिरक्षा बजेट १०.५४ अर्ब डलर र प्रति व्यक्ति आय ३६८ डलर मात्र थियो ।

सन् २०२१ मा प्रतिरक्षा बजेट बढेर ७६.६० अर्ब पुग्यो भने प्रतिव्यक्ति आय पनि बढेर २ हजार २५६ डलर पुग्यो । त्यस्तैगरी सन् १९९० मा चीनको प्रतिरक्षा बजेट ९.९३ अर्ब डलर थियो भने प्रति व्यक्ति आय ३१८ डलर थियो । सन् २०२१ मा चीनको प्रतिरक्षा बजेट २९३ अर्ब डलर पुग्यो भने सँगसँगै प्रतिव्यक्ति आय पनि ह्वात्तै बढेर १२ हजार ५०० डलर पुग्यो ।

विश्व बैंकको तथ्यांक अनुसार सन् २०२१ मा पाकिस्तानले कुल राष्ट्रिय उत्पादन (जीडीपी) को ३.८ प्रतिशत, भारतले २.६६ प्रतिशत, श्रीलंकाले १.९ प्रतिशत, बंगलादेशले १.३ प्रतिशत र नेपालले पनि १.३ प्रतिशत रक्षा बजेटमा खर्च गरेको छ । फायर पावर क्षमतातर्फ नेपाल १४५ देशमध्ये १२९औं स्थानमा छ । फायर पावर क्षमता बढाउन आर्थिक लगानी बढाउनुपर्दछ । यसरी नेपाल दक्षिणएशियामा कुल राष्ट्रिय उत्पादनको अनुपातमा कम प्रतिशत रक्षा बजेट भएको मुलुकमा पर्दछ ।

**नेपाल सेनाको विरासत**

प्रत्येक दक्षिण एशियाली मुलुकहरूको राज्य स्थापनाको पृष्ठभूमि फरक-फरक छ । नेपाल राष्ट्रको स्थापना बाह्य शक्ति आएर गरिदिएको होइन, वीर नेपालीहरू आफैंले सयौं लडाइँ लडेर गरेको हो । एकथरी बुद्धिजीवीहरू यसमा गर्व गर्न एकमत छैनन् किनकि यससँगै नेपाली सेनाको गर्विलो इतिहास पनि जोडिएको छ । उनीहरू एकीकरण अभियानले हासिल गरेको उपलब्धि माथि नै प्रश्नचिह्न खडा गर्दछन् ।

त्यतिबेला युद्धद्वारा नेपालको एकीकरण नभएको भए स-साना राज्यहरू ब्रिटिस इष्ट इण्डिया कम्पनीको अधीनमा जान्थ्यो र नेपाल स्वतन्त्र रहने सम्भावना हुन्थेन । भारत, पाकिस्तान र बंगलादेशको स्थापना र स्वतन्त्रताको इतिहास नेपालको भन्दा विल्कुल फरक छ । नेपाली सेनाले पाकिस्तान, बंगलादेश र म्यानमारमा जस्तो कहिल्यै सैनिक कु गरी सत्ता हत्याएको छैन । थाइल्याण्ड मोडलको सैनिक शासन पनि नेपाली सेनाले चलाएको छैन । स्वघोषित राणा जर्नेलहरू बाहेक नेपाली सेनाका जर्नेलहरू कहिल्यै प्रधानमन्त्री र रक्षामन्त्री भएका छैनन् । म्यानमारकी नेतृ आङसाङ सुकीले सन् २०१६ मा नेपाल भ्रमणमा आएको बखत नेपाली सेनाको गैरराजनीतिक चरित्रबाट म्यानमारको सेनाले पनि सिक्नुपर्छ भनेर तारिफ गरेकी थिइन् ।

हरेक राजनीतिक परिवर्तन पश्चात् शान्तिपूर्ण सत्ता हस्तान्तरण प्रक्रियामा नेपाली सेनाले पूर्ण साथ दिँदै आएको छ । आन्दोलनको बखत सुरक्षा फौजले सरकारको आदेश पालना गर्नु एउटा महत्वपूर्ण संवैधानिक र कानुनी जिम्मेवारी हो । गणतन्त्र स्थापना भएपछि नेपाली सेना संविधान अनुसार पूर्ण लोकतान्त्रिक नियन्त्रणमा आएको छ । एकथरी बुद्धिजीवीहरूको भनाइ रहला अरू सुरक्षा निकाय, आयोग, निजामती प्रशासन र विश्वविद्यालयहरूमा जस्तो सेनाभित्र राजनीति घुसाउन सकिएन र राजनीतीकरण गर्न सकिएन, त्यसैले सेना अझै लोकतान्त्रिक हुन बाँकी छ ।

नेपाली सेनाको आकार र आर्थिक वृद्धिलाई दाँज्दा कम्तीमा पनि दक्षिणएशियाका देशहरूसँग दाँजेर हेर्ने र छलफल गर्ने हिम्मत गर्नुपर्छ । कि त सफलताको शिखरमा रहेका साना देशहरू इजरायल, सिंगापुर जस्ता देशहरूसँग दाँजिनुपर्दछ । यहाँ त नाच्न नजान्नेले आँगन टेडो भने जस्तो भएको छ । अहिले राष्ट्रको छवि अन्तर्राष्ट्रिय जगतमा विभिन्न कारणले धुमिल भइरहेको अवस्थामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले विश्व शान्ति र सुरक्षामा दिएको योगदानले मात्र अन्तर्राष्ट्रिय जगतमा नेपालको छवि केही हदसम्म जोगिएको अवस्था छ । तर, अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालले दिएको योगदानको चर्चा र प्रशंसा जुनस्तरमा अन्तर्राष्ट्रिय जगतमा हुने गर्दछ, नेपालभित्र गरिंदैन । नेपाली नेताले अन्तर्राष्ट्रिय मञ्चहरूमा बोल्दा पनि विश्व शान्ति स्थापनामा नेपालले दिएको योगदानलाई जुनस्तरमा प्रस्तुत गर्नुपर्ने हो गरेको पाइँदैन ।

शान्ति सेना जान र व्यापारमा मात्र नेपाली सेनाले ध्यान दिएको भनी सामाजिक सञ्जाल र मूलधारका सञ्चारमाध्यममा समेत आलोचना भएको देख्दा आश्चर्य र दु:ख लाग्छ । चीन, भारत, बंगलादेश र पाकिस्तानी जनताले आफ्नो सेनाले विश्व शान्तिमा दिएको योगदानप्रति अत्यन्तै गर्व गर्ने गर्दछन् ।

अन्त्यमा, अरू देशहरूको तुलनात्मक अध्ययनले के देखाउँछ भने सेनाको आकार र आर्थिक वृद्धिलाई सँगसँगै बढाउन सकिन्छ । सेनालाई कमजोर बनाएर आर्थिक विकास सम्भव नहुने मात्र होइन राष्ट्रको अस्तित्व नै गुम्ने भय हुन्छ । सिक्किमको विलयलाई सैनिक हस्तक्षेपद्वारा रोक्न सक्षम र उपयुक्त आकारको सेना नभएर नै हो भन्दा अत्युक्ति नहोला । देशको अस्तित्वको रक्षा अरू सबै स्वार्थहरूभन्दा उच्च स्वार्थ हो ।

आर्थिक विकासका लागि उपलब्ध सयौं विकल्प र उपायको अवलम्बन गर्न नसकी हार खाएपछि सेना कटौतीलाई एक मात्र विकल्प देख्न थाल्नु कमजोर मानसिकताको उपज हो । पूँजीगत बजेट आर्थिक वर्षको अन्त्यसम्म आधा पनि खर्च गर्न नसक्ने प्रशासनिक क्षमता विद्यमान रहुन्जेल सेना कटौती त के सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई समेत कटौती गरे पनि आर्थिक विकास सम्भव छैन ।

*(साभार: अनलाइनखबर)*

# सरकारले गर्न सकेन भएकै कामको भुक्तानी



काठमाडौं/सरकारले चालु आर्थिक वर्ष २०७९/८०मा भएकै कामको पनि भुक्तानी गर्न सकेन । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले दायित्व सिर्जना भएपनि निर्माण व्यवसायीहरुलाई करिब ३ अर्ब रुपैयाँको भुक्तानी दिन नसकेको हो । यसबाहेक अन्य मन्त्रालयहरुको कति भुक्तानी रोकियो भन्ने खुलेको छैन ।

नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंह अर्थ मन्त्रालयमा रकमान्तरका लागि प्रस्ताव गएको करिब ८-९ अर्ब भुक्तानी रोकिएको बताउँछन् । बजेट नै नभएको परियोजनामा ठेक्का लगाउँदा यस्तो अवस्था आएको उनी बताउँछन् । 'अब हामी काम नै गर्न नसक्ने अवस्थामा पुग्यौं,' उनी भन्छन्, 'भएकै कामको भुक्तानी पाउन नसकेपछि कुन मनोबलले काम गर्ने ?'

भौतिक पूर्वाधार मन्त्रालयका प्रवक्ता भीमार्जुन अधिकारी काम भएरपनि विभिन्न आयोजनामा स्रोत अभावका कारण भुक्तानी दिन नसकेको बताउँछन् । विगतमा विनियोजन दक्षता कमजोर हुँदा बढी काम हुने आयोजनामा कम बजेट विनियोजन भएर अहिले भुक्तानीमा समस्या आएको हो ।

तर, भएका कामको रकम भुक्तानी गर्न भौतिक पूर्वाधार मन्त्रालयले अर्थ मन्त्रालयसँग र कमान्तरको प्रस्ताव गरेको थियो । ठूलो मात्रा रकमान्तर स्वीकृत गरेको अर्थ मन्त्रालयले कतिपय आयोजनाको सिर्जित दायित्व तिर्न भने अनुमति दिएन ।

यसले गर्दा चालु आर्थिक वर्षको दायित्व अर्को वर्षका लागि सर्ने भएको छ । ठेक्का लगाउनुअघि अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरेपनि पर्याप्त बजेट विनियोजन नगरेका शीर्षकमा बढी खर्च हुँदा यस्तो दायित्व भुक्तानी हुन समस्या परेको हो । विगतमा अर्थ मन्त्रालयबाट बहुवर्षीय ठेक्का प्रणालीका लागि स्रोत सुनिश्चितताको पत्र लिएर ठेक्कामार्फत काम भइरहेका थुप्रै आयोजनाहरुमा केही महिनाअघिदेखि नै भुक्तानीको समस्या देखिएको थियो ।

विनियोजित बजेटभन्दा बढी काम भएपछि भुक्तानीका लागि गत माघदेखि नै मन्त्रालयहरुले र कमान्तर माग गर्दै अर्थ मनत्रलयमा फाइल लगिरहेका थिए । विभाग, आयोजना र निकायहरुमार्फत भएका कामका लागि विकासे मन्त्रालयले विभिन्न शीर्षकमा रकमान्तर प्रस्ताव गरेपनि स्रोत कमजोर हुँदा अर्थ मन्त्रालयलाई त्यसको स्वीकृति दिन सकस परेको थियो ।

आर्थिक वर्षका अन्तिम दिनहरुमा भने अर्थमन्त्रालयले स्रोतको अवस्था विश्लेषण गरेर व्यापक मात्रामा रकमान्तर स्वीकृत गर्दै रोकिएको भुक्तानी गरेको थियो । तर पनि कतिपय आयोजनाको लागि रकमान्तर हुन नसकेपछि धेरै ठेकेदारहरुले भएकै कामको भुक्तानी पाउन सकेनन् ।

एक निर्माण व्यवसायी अर्थ मन्त्रालयले के आधारमा रकमान्तर हुने आयोजना छान्यो भन्ने पत्तो पाउन नसकेको बताउँछन् । कुनै ठूला ठेकेदार संलग्न आयोजनामा सबै रकम भुक्तानी हुने गरी रकमान्तर गरिएको र कुनै साना आयोजनालाई भने पूर्णत: वेवास्ता गरिएको ती निर्माण व्यवसायीको दाबी छ ।

अर्थ मन्त्रालयले हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्गसहित सडक डिभिजन चितवन तथा चन्द्रनिगाहपुर लगायतका कार्यालयबाट भएका खर्चको भुक्तानी प्रस्ताव स्वीकृत गरेन । यसले गर्दा ठूलो मात्रामा भुक्तानी बाँकी रहन गएको छ । 'भएको कामको भुक्तानी दिन नसकेपछि अर्को वर्षमा आयोजनाको काम बन्द हुन्छ,' भौतिक पूर्वाधार मन्त्रालयका प्रवक्ता अधिकारी भन्छन्, 'ठ्याक्कै कति भुक्तानी हुन सकेन भनेर विवरण तयार गर्दैछौं, तर भुक्तानी रोकिएका आयोजनामा निर्माण व्यवसायीलाई काम लगाउन गाह्रो छ ।'

आगामी वर्षमा सबैजसो परियोजनामा बजेट घटेकाले यो वर्ष भुक्तानी रोक्दा भविष्यमा थप समस्या हुने अधिकारीहरु बताउँछन् । कतिपय आयोजनामा भएका कामको पनि भुक्तानी रोकिएपछि अहिले नै काम रोकिएका छन् ।

सडक विभागमा मात्रै बहुवर्षीय ठेक्का लागेर ४ खर्ब बराबरको दायित्व सिर्जना भएको छ । तर, वर्षमा एक खर्ब मात्रै बजेट पाइरहेकाले धेरै कार्यक्रममा बजेट अभाव हुने समस्या छ ।

स्रोत अभावकैबीचमा वर्षायाम लागेपछि नयाँ कार्यक्रम स्वीकृत गराएर रकमान्तर गराउँदै खर्च गर्ने खराब परिपाटीले यो वर्ष पनि उस्तै थियो । यो वर्ष सरकारले ३ खर्ब ८० अर्ब पूँजीगत खर्च गर्ने लक्ष्य राखेकोमा शनिबारसम्म २ खर्ब ३२ अर्ब ६८ करोड मात्रै खर्च भएको छ । यो कुल विनियोजनको ५८.७ प्रतिशत प्रतिशत मात्रै हो । ५ दिनअघि २६ असारमा यस्तो पूँजीगत खर्ब २ खर्ब १२ अर्ब र जेठ महिनाको अन्तिम दिनमा १ खर्ब ५३ अर्ब मात्रै थियो । यसरी हेर्दा असार लागेपछि मात्रै करिब ७९ अर्ब रुपैयाा विकास बजेट खर्च भएको छ ।

भएकै कामको भुक्तानी रोकेर राख्दा असारमा खर्चको हिस्सा धेरै ठूलो देखिने गरेको छ । यसकाहेक आर्थिक वर्षको अन्तिममा नै विकासको कामले गति पाउने गर्दा यस्तो अवस्था आएको विज्ञहरुले बताउँदै आएका छन् । सरकारले वर्ष लक्ष्यको करिब ८० प्रतिशत करिब ६७ प्रतिशत मात्रै राजस्व उठाएको छ । सरकारले यो वर्ष १४ खर्ब ३ अर्ब राजस्व उठाउने लक्ष्य लिएकोमा आर्थिक वर्ष सकिन एक दिन बाँकी रहँदासम्म ९ खर्ब ३५ अर्ब मात्रै राजस्व उठाउन सकेको छ । यसै कारण सरकारलाई भएकै कामको पनि भुक्तानी दिन समस्या परेको अधिकारीहरू बताउँछन् ।

*(स्रोत: अनलाइनखबर)*

# अनमोल र जसिताको 'फर्की फर्की' रिलिज महाशिवरात्रीमा




काठमाडौं/अभिनेता अनमोल केसीले फिल्म 'छड्के २'पछि नयाँ फिल्ममा काम गरेका छैनन् । फिल्म सम्झौता भने आधा दर्जन जति नै गरे । यस वर्ष उनी एउटा होम प्रोडक्सन र अर्को बाहिरी ब्यानरको फिल्ममा अभिनय गर्ने योजनामा छन् । आगामी भदौ २० गतेदेखि उनले सुयोग गुरुङको निर्देशन तथा रोहित अधिकारीको निर्माणमा बन्न लागेको फिल्म 'फर्की फर्की'मा काम गर्ने जनाइएको छ ।

फिल्मको छायांकन सुरु नहुँदै निर्माण टिमले प्रदर्शन मिति भने निश्चित गरेको छ । महा शिवरात्रीको विदाको अवसर पारेर आगामी फागुन २५ गते फिल्मलाई प्रदर्शन गर्ने तयारी गरिएको छ । निर्माता अधिकारीले यसको पुष्टि गरे । यही मितिमा नवल खड्काद्वारा अभिनीत तथा निर्देशित फिल्म 'काँडेतार' पनि प्रदर्शनमा आउने निश्चित भैसकेको छ । यसपटक महाशिवरात्री शुक्रबार परेको छ ।

फिल्ममा अनमोलको जोडीको रुपमा अभिनेत्री जसिता गुरुङ देखिँदैछिन् । उनीहरुको पहिलो जुगलबन्दी हो । यो फिल्मका लागि अनमोलले ५० लाख पारिश्रमिक बुझेका छन् । उनले साइनिङ अमाउन्टको रुपमा १० लाख बुझिसकेका छन् । नरेन्द्र मैनालीले छायांकन गर्ने फिल्मको निर्माणमा ओएसआर डिजिटलले सहकार्य गरेको छ । मनोज वली र रामु न्यौपाने भने सहनिर्मातामा छन् ।

यस फिल्ममा अपूर्व तामाङ, नरेन लिम्बु, भेक र अल्मोडा राना उप्रेतीको संगीत, शैलेश श्रेष्ठको ब्याकग्राउन्ड स्कोर र निमेष श्रेष्ठको सम्पादन रहनेछ । श्रद्धा मास्के मेकअप आर्टिस्ट रहेको फिल्मको प्रोडक्सन डिजाइनर शंकर पाण्डे हुन् । फिल्म लभस्टोरी कथामा बन्नेछ । यसअघि रोहितले अनमोललाई नै लिएर फिल्म 'गाजलु' बनाएका थिए । ७ वर्षपछि उनीहरुबीच पुन: सहकार्य भएको हो ।

# सुरक्षा र निशाको 'जुलेबी' भदौ १ मा



काठमाडौं/चार महिला पात्रको प्रेमकथामा आधारित रहेको फिल्म 'जुलेबी'को प्रदर्शन मिति घोषणा गरिएको छ । आइतबार वितरक कम्पनी डिसिएनसँग सम्झौतापछि निर्माण टिमले आगामी भदौ १ गतेलाई प्रदर्शन मिति घोषणा गरेको हो । यो मितिमा अभिनेता आकाश श्रेष्ठ अभिनीत फिल्म 'हिँड्दा हिँड्दै' र अभिनेता गौरव पहारी स्टारर फिल्म 'नम्बरी सुन' पनि सार्वजनिक प्रदर्शनको तयारीमा छ ।

फिल्मको प्रमुख भूमिकामा सुरक्षा पन्त, निशा अधिकारी, उषा रजक र मोनिका थापा छन् । सुशील सिटौला, पुष्कर कार्की, तुफान थापालगायतको पनि अभिनय रहेको फिल्मलाई गणेश देव पाण्डेले निर्देशन गरेका हुन् । उनी फिल्म 'गाँजाबाजा'पछि निर्देशनमा फर्किएका हुन् । एन्थोलोजी जनरामा निर्मित 'जुलेबी'ले तीन घटनालाई चित्रण गर्ने कार्यकारी निर्माता नवीन भट्टले जानकारी दिए ।

फोर क्युब इन्टर टेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा विवेक खड्काको छायांकन, अन्जय खड्काको सम्पादन, जाटवेद बनर्जीको संगीत र उत्तम न्यौपानेको साउण्ड डिजाइन छ । फिल्मको निर्माता आभा शर्मा नेपाल हुन् । 'जुलेबी'को केही देशहरुको ओभर सिज राइट्स पनि बिक्री भैसकेको जनाइएको छ । फिल्मको कथावस्तु दर्शकलाई पृथक लाग्ने निर्देशक पाण्डेको विश्वास छ ।

# मिटरब्याजसम्बन्धी विधेयक सर्वसम्मतले पारित



काठमाडौं/मिटर ब्याजलाई अनुचित लेनदेन मान्ने विधेयक प्रतिनिधिसभाले संशोधन सहित पारित गरेको छ ।

आइतबार बसेको प्रतिनिधिसभाको बैठकले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक-२०८० संशोधनसहित पास गरेको हो ।

संसदबाट सर्वसम्मत विधेयक पास गर्ने क्रममा सरकारले कारोबार भएको वास्तविक रकम र कानुन बमोजिम ब्याज दिलाउने संशोधन स्वीकार गरेको छ ।

राष्ट्रियसभाबाट पारित भइसकेको यो विधेयक अब पुन: राष्ट्रिय सभामा जानेछ । प्रतिनिधिसभाले गरेको संशोधन राष्ट्रिय सभाले स्वीकार गरेपछि प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाउनेछ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि कानुन बन्ने छ ।

मिटरब्याजलाई अनुचित लेनदेन मानेर कानुनी कारबाही गर्ने बाटो खोल्दै सरकारले २० वैशाखमा अध्यादेश ल्याएको थियो । चार दिनपछि त्यसलाई प्रतिस्थापन गर्ने विधेयक राष्ट्रिय सभामा पेश भयो । संवैधानिक र कानुनी व्यवस्थाअनुसार प्रतिस्थापन विधेयक २० असारभित्र पारित गरिसक्नुपर्ने थियो ।

२० असारमा पारित गर्ने कार्यसूची पनि थियो । तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको विवादास्पद अभिव्यक्तिलाई लिएर एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाले संसद अवरुद्ध गरेपछि अध्यादेश निष्क्रय भयो ।

**के भयो संशोधन ?**

विधेयकमाथि भएको दफावार छलफलमा सांसदहरुले प्रस्तुत विधेयकले कानुनको रुप लिएर कार्यान्वयनमा जाँदा आउन सक्ने व्यवहारिक विषयलाई ख्याल गरिनुपर्ने बताएका छन् ।

नेकपा एमालेका प्रमुख सचेतक पदम गिरीले सबैतिर बैंक पुगेको भनिए पनि बैंकबाट लोन लिन समस्या हुँदा फेरि पनि गरिबहरु साहुकहाँ ऋण लिन जानुपर्ने अवस्था कायमै रहन सक्ने बताए । यसलाई समेत ख्याल गरेर कानुन कार्यान्वयनमा जानुपर्ने उनको भनाइ छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले केही हजार लिने मान्छेलाई करोड लिएको भनेर हस्ताक्षर गराउने सम्मको अवस्था रहेको बताए । मिटरब्याजीले महिलाहरुलाई अझ बढी पीडामा पारेको उल्लेख गर्दै उनले कानुनको प्रभावकारी कार्यान्वयनमा जोड दिए । उनले विधेयकमा समर्थन गर्दै सफल कार्यान्वयनका लागि सरकारलाई अनुरोध गरे ।

राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले मिटरब्याज पीडितका लागि कानुन बनाइनु सकारात्मक विषय भएको बताए । मिटरब्याजका नाममा कतिपयले असल मनसायका साथ लेनदेन गरेको भए त्यसतर्फ ख्याल गरि नुपर्नेमा उनको जोड छ ।

नेपाली कांग्रेसका सांसद अजय चौरसिया तमसुकलाई कठोर सजाय हुने गरी कानुन बनेको बताउँछन् । विगतमा तमसुकलाई उचित लेनदेनको रुपमा लिइने गरिएको तर केही गलत व्यक्तिका कारण तमसुकलाई गलत दृष्टिका साथ हेरिन पुगेको उनको भनाइ छ ।

पछिल्लो समयमा बैंक, सहकारीले लगानी नगर्दा गरिब जनताले छोराछोरी विदेश जाँदा, उपचार गर्दा र शिक्षाका लागि गरेको लेनदेनलाई दोषीको दृष्टिकोणले मात्रै हेर्नु राम्रो कुरा नभएको उनले बताए ।

असल मान्छे पनि समाजमा रहेको भन्दै उनले प्रकृति अनुसार जति दोष गरेको छ त्यस आधारमा सजाय हुनु उपयुक्त हुनुपर्ने बताए । साथसाथै, पुरानो तमसुकलाइ प्रमाणीकरण गर्दा वडा अध्यक्षले छानबिन गर्नुपर्ने पनि उनको भनाइ छ ।

सांसदहरुले उठाएका प्रश्नको जवाफ दिने क्रममा कानुनमन्त्री धनराज गुरुङले केही संशोधन स्वीकार गरेका छन् । लेनदेन वा कारोबारको कुनै एउटा पक्ष विरामी परी वा शारीरिक तथा मानसिक अशक्तताका कारण आफैं उपस्थित हुन नसके हकवाला वा संरक्षणले लिखत प्रमाणित गर्न सक्ने, प्रमाणित गराउन कुनै एउटा पक्ष अनुपस्थित भए कारोबारको यथार्थ बुझेर सम्बन्धित स्थानीय तह जा वडा कार्यालयबाट प्रमाणित गराउनुपर्ने व्यवस्था थपिएको छ ।

यस्तै मिटरब्याजीले ऋणिबाट रकम वा चल सम्पत्ति लिएको रहेछ भने कारोबार भएको वास्तविक रकम र कानुन बमोजिम ब्याज दिलाई बाँकी रकम वा चल सम्पत्ति सबन्धित कसुरदारबाट भराइने व्यवस्था समेत थप भएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# देउवा पन्छाउने कठिन विकल्पमा गगन

काठमाडौं/नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टी संसदीय दलका नेता फेर्नुपर्ने अभिव्यक्ति लगातार दिन थालेका छन् ।

शनिबार विराटनगर पुगेर महामन्त्री थापाले दलको नेता हटाउने प्रयास निरन्तर रहने बताए । 'म त दलको नेतामा लडेको मान्छे हुँ, हुनुपर्छ भनेरै प्रयास गरेको हो । मेरो निरन्तर कोशिस हुन्छ' महामन्त्री थापाको भनाइ थियो, 'साथीहरूको संख्याले सार्थकता दिन्छ भन्ने महसुस भएपछि अवश्य प्रयास हुन्छ ।' एक साता अगाडि २३ असार मा काठमाडौंको बुढानीलकण्ठमा आयोजित कार्यक्रममा पनि महामन्त्री थापाले यस्तै आशयको अभिव्यक्ति दिएका थिए ।

५ पुस २०७९ मा सम्पन्न संसदीय दलको चुनावमा पार्टी सभापति देउवासँग प्रतिस्पर्धा गरेका महामन्त्री थापाको यस्तो अभिव्यक्तिलाई चासोका साथ हेरिएको थियो । त्यसबेला थापाले २५ मत पाउँदा ६४ मत पाएर देउवा दलको नेता चुनिएका थिए ।

तर सात महिनाभित्रै महामन्त्री थापाले दलको नेता फेर्नुपर्ने सार्वजनिक अभिव्यक्ति दिन थालेका छन् । 'संसदीय दलको विधानले एकपटक प्रतिस्पर्धा गरेपछि कहिल्यै प्रतिस्पर्धा गर्न पाउँदैनस् भनेको छैन', थापा भन्छन्, 'प्रतिस्पर्धा गर्न योग्य ठानेरै प्रतिस्पर्धा गरेको हुँ । यो बीचमा मेरो योग्यता घटेजस्तो मलाई लाग्दैन ।'

महामन्त्री थापाले भनेजस्तै संसदीय दलको नेता फेर्नु भनेको देउवालाई छैटौंपटक प्रधानमन्त्री बन्ने बाटो बन्द गर्नु हो । किनकि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा सहभागी कांग्रेसले यही गठबन्धनबाट चुनावी सरकारको प्रधानमन्त्री लिने सहमति छ ।

महामन्त्री थापा र उनी निकट नेताहरुले भने २०८४ मा हुने चुनावी सरकारको नेतृत्व देउवाले गर्न नहुने तर्क गरिरहेका छन् । उनीहरुका अनुसार, देउवाले चुनावी सरकारको नेतृत्व गरे कांग्रेसले थप क्षति बेहोर्नुपर्नेछ । 'देउवा प्रधानमन्त्री हुँदा उल्लेखनीय काम गरेको विगत छैन', थापा निकट एक नेता भन्छन्, 'चुनावको नजिक उनी प्रधानमन्त्री भए पार्टीले हार ब्यहोर्न सक्छ, कारण उनै हुन्छन् ।'

राष्ट्रिय राजनीतिमा परिवर्तन आइरहेकाले समयानुकुल पार्टी बनाउन संसदीय दलको नेता परिवर्तन हुनुपर्ने विषय उठ्नु स्वभाविक भएको महामन्त्री थापा निकट गण्डकी प्रदेशसभा सदस्य डिल्लीराम सुवेदी बताउँछन् । संसदीय दलको चुनाव गरेर देउवालाई हटाउनुपर्ने तर्क गर्नेहरुले आगामी चुनावमा गठबन्धन गर्न नहुने पक्षमा देखिन्छन् । त्यसका लागि कांग्रेसको नेतृत्व परिवर्तनलाई उनीहरुले शर्त मानेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# सारुकको निधनबारे छानबिन गर्न कलाकार संघको माग

काठमाडौं/असार २१ गते काठमाडौं रातोपुलस्थित निजी निवासमा झुण्डिएको अवस्थामा भेटिएका अभिनेता सारुक ताम्राकार को निधनबारे गहिरो छानबिन गरि सत्यतथ्य सार्वजनिक गर्न चलचित्र कलाकार संघले सम्बन्धित निकायसँग माग गरेको छ । आइतबार संघको कार्यसमिति बैठकपश्चात् अध्यक्ष मोहन निरौलाले जारी गरेको विज्ञप्तिमा कोही दोषी देखिए कारबाही समेत गर्न माग गरिएको छ ।

संघद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'स्व. शारूकको निधनलाई लिएर चलचित्र उद्योगका सबै पेशाकर्मीहरू शसंकित भइरहेको र यो घटनाको न्यायिक छानबिन हुनुपर्दछ भन्ने आवाज उठिरहेकोले सो विषयमा गहिरो छानबिन गरी सत्य तथ्यलाई प्रकाशमा ल्याईदिनका लागि संघ सम्बन्धित निकायसँग माग गर्दछ ।' अभिनेता ताम्राकार चलचित्र कलाकार संघको साधारण सदस्य थिए ।

सारुकले निधनअघिम्म अभिनय गरिरहेको फिल्मका जिम्मेवार सदस्यले फिल्मको छायांकनको क्रममा भएका घटना र सन्दर्भहरू विभिन्न अनलाइनमार्फत् अभिव्यक्त गरिसकेका कारण सो सम्बन्धमा पनि छानबिन गर्ने निकायले अनुसन्धान गरि यदि कोही दोषी देखिए सत्यतथ्य उजागर गरेर कानुनको दायरामा ल्याई कडाभन्दा कडा कारबाही गर्न समेत संघले विज्ञप्तिमार्फत् माग गरेको छ ।

सारुकको आत्महत्या प्रकरणको बारेमा अहिले विभिन्न टिका-टिप्पणी भैरहेका छन् । उनले निधनअघिसम्म अभिनय गरेको फिल्म 'ह्यासट्याग माया'का निर्देशक राजिव गुरुङले शनिबार एक युट्युब च्यानल सँगको अन्तर्वार्तामा केही महत्वपूर्ण खुलासा गरेपछि फिल्म क्षेत्रमा खैलाबैला मच्चिएको छ । सारुकले न्याय पाउनुपर्ने आवाज यतिबेला कलाकारहरुबाट चर्को रुपमा उठिरहेको छ ।

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।



www.sajhakuranews.com

# हेटौंडा, मनहरी र बकैयाले सुर्तीजन्य पदार्थ निषेध गर्दै

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ मकवनपुरका केही स्थानीय तहले १ साउनबाट मादकपदार्थ तथा सुर्तीजन्य पदार्थमा प्रतिबन्ध लगाउने भएका छन् ।

बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडा उपमहानगरपालिकाले सार्वजनिक स्थलमा सुर्तीजन्यपदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन गर्ने भएको छ । मनहरी गाउँपालिकाले बेचबिखन र प्रयोगमै प्रतिबन्ध लगाउने तयारी गरेको छ । बकैया गाउँपालिकाले १ साउनबाट पालिकाभित्र मादकपदार्थको जथाभावी प्रयोग र सूर्तीजन्य पदार्थको प्रयोग र बेचबिखनमा प्रतिबन्ध लगाउने घोषणा गरेको छ ।

हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता सबिन न्यौपानेले सरकारले जारी गरेको सुर्तीजन्यपदार्थ नियन्त्रण एवं नियमन ऐनलाई टेकेर उपमहानगरपालिकाले ०७७ मा बनाएको निर्देशिकाका आधारमा सुर्तीजन्यपदार्थको प्रयोगलाई नियन्त्रण तथा नियमन गर्ने तयारी गरेको जानकारी दिए । 'सार्वजनिकस्थल जस्तै विद्यालय, सरकारी कार्यालय, अस्पताल जस्ता क्षेत्रको एक सय मिटर क्षेत्रभित्र सुर्तीजन्यपदार्थको बेचबिखन र प्रयोगमा पूर्णरुपमा प्रतिबन्ध लगाउन उपमहानगर पालिकाले १ साउनबाट अभियान सुरु गर्छ,' उनले भने, 'त्यसका लागि सबैभन्दा पहिले उपमहानगरका टोलटोलमा प्रचार-प्रसार, माइकिङ गरेर जानकारी गराउने तयारी गरेका छौं ।'

प्रवक्ता न्यौपानेले पालिकाको निर्देशन नमान्ने जो कोहीलाई २५ हजारदेखि ५० हजार सम्म जरिवाना गर्ने जानकारी दिए । उनले होटेल तथा रेस्टुरेन्टलाई समेत सुर्तीजन्यपदार्थ प्रयोग गर्न स्मोकिङ जोन छुट्याउन पत्राचार गर्ने बताए । 'पहिल्यैदेखि नै कानुन थियो तर, त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा समस्या भइरहेको थियो । अब कानुनको परिपालनामै कडाइ गर्ने तयारी गरेका छौं । होटेल तथा रेस्टुरेन्टमा समेत छुट्टै स्मोकिङ जोनको व्यवस्था गर्न पत्राचार गर्दै छौं,' उनले भने ।

बकैया गाउँपालिकाले सूचना जारी गर्दै पालिकालाई लागुऔषधमुक्त गाउँपालिकाकारुपमा स्थापित गर्न लागुऔषधसहित सुर्ती र मदिरा सेवनमा निषेध गर्न लागिएको जनाएको छ । गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले लागुपदार्थमुक्त गाउँपालिकाकारुपमा स्थापित गर्न गाउँ कार्यपालिकाको बैठकले नै निर्णय गरेर सूचना जारी गरेको बताए । 'कानुनद्वारा निषेधित र नियन्त्रित लागुपदार्थ स्वाभाविकरुपमा प्रयोग गर्न पाइँदैन । हामीले पालिकामा मदिराजन्य पदार्थ जाँड, रक्सी, छ्याङ, तुम्बा, निगार र सुर्तीजन्य पदार्थको प्रयोगलाई निषेध गर्ने तयारी गरेका छौं,' उनले भने ।

१ साउनबाट बकैया गाउँपालिकाको क्षेत्रभित्र ओसारपसार, विक्री-वितरण, तथा प्रयोग गर्न पूर्णरुपमा निषेध गर्ने भनी सूचित गराइसकिएकाले कसैले सूचनाको बेवास्ता गरे कानुनबमोजिम कारबाही हुने अध्यक्ष लामिछानेले चेतावनी दिए । उनले पालिकाभित्र सार्वजनिक पदधारण गरेका व्यक्तिले कानुनको उल्लंघन गरे दोब्बर सजाय हुने दाबी पनि गरे ।

हेटौंडा र बकैयाले जस्तै मनहरी गाउँपालिकाले पनि पालिकाभित्र सुर्तीजन्यपदार्थ बिक्री-वितरणमा रोक लगाउने जनाएको छ । पालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममै मनहरी क्षेत्रमा सुर्तीजन्यपदार्थ बिक्री वितरणमा रोक लगाउने घोषणा गरेको थियो । मानवीय स्वास्थ्यलाई हानी पुऱ्याउने भएकाले सुर्तीजन्यपदार्थमा प्रतिबन्ध लगाउने विषयलाई नीति तथा कार्यक्रममा समावेश गरिएको गाउँपालिकाले जनाएको छ ।

# इन्द्रसरोबरको एक घरमा आगलागी



साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नं.२ सुलिकोटमा एक घरमा आगलागी भएको छ । सोमबार साँझ ६ बजे स्थानीय ६८ बर्षीय चन्द्रबहादुर वाईबाको काठ, ढुंगामाटोले बनेको दुई घरमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार अचानक बिजुली सर्ट भएर घरमा आगलागी भएको र ग्यास सिलिण्डर समेत पड्किएको थियो । स्थानीय र प्रहरीको सहयोगमा करिब डेढ घण्टा अर्थात साँढे ७ बजे घरमा लागेको आगो पूर्णरुपमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

मानवीय तथा चौपयक्षति भएको छैन भने आगोलागीबाट घर पूर्णरुपमा क्षति भएको प्रहरीले जनाएको छ । आगलागीबाट घरमा रहेको अन्नपात, भाँडावर्तन, लत्ताकपडा, एक तोला सुन र नगद ३० हजार गरी करिब ७ लाख बराबरको क्षति भएको प्रहरीको अनुमान छ ।

# वर्षौंदेखि जनताले...

नेकपा एकीकृत समाजवादका नेतृ रमा आलेमगरले पनि काठमाडौंदेखि हेटौंडा आउने क्रममा बर्खाको समयमा निकै समस्या झेल्नु परेको बताइन् । आलेले बैठकको सूचना पाए एक दिनअघि नै हेटौंडा आउने गरेको बताइन् । यता धादिङ, सिन्धुली, चितवन र मकवानपुरका सासंदहरुलाई भने हेटौंडा आउन सहज देखिन्छ । हाल १ सय १० जना सांसद रहेको प्रदेशसभामा केन्द्रीय राजधानी हुँदै हेटौंडा आउने सासंदहरुको संख्या ८० जनाभन्दा बढी रहेको प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जानकारी दिए ।

प्रदेशसभाको बैठक दिनँहु चल्दा भने ओहोरदोहोरमा समस्या आउँछ भन्दै कतिपय सांसदहरुले हेटौंडा डेरा लिएर बसेका छन् । नेकपा एमाले सांसद सुकमाया तामाङ, माईली तामाङ, उर्मिला सुनुवार, कृष्णप्रसाद सिलवाल, जयराम थापा, आनन्दकुरमार श्रेष्ठलगायत धेरै सांसदहरु हेटौंडामा डेरामा बस्छन् । 'बाटोमा पहिरो जाँदा बाटोमै रोकिनु पर्छ । बिहान २/३ बजेसम्म बाटोमै बिजोग हुने अवस्था आउने गरेको छ । राति अबेर हुँदा होटल नखुल्ने कहिल्यै समयमा बैठक नपुग्ने हुनाले डेरा लिनु परेको छ', एमाले सांसद कृष्णप्रसाद सिलवाल बताउँछन् ।

**के भन्छन् मुख्यमन्त्री ?**

यस विषयमा साझाकुराले मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई सोधेको छ, 'यसरी संघीयता चल्छ ?', उनले चल्दैन भन्ने जवाफ दिए ।

'हेटौंडा राजधानीका रुपमा टाढै पर्छ । सांसदहरु त्यही बस्न नि त्यहाँ सबै सुविधा विकास भएको छैन । पूर्वाधार विकास गर्न कठिन छ । केही डेरा गर्न बाध्य छन् । अरु धेरैजना काठमाडौं र अन्य जिल्लाबाट आउनेजाने गर्छन् । सर्वसाधरणलाई पनि गाह्रो छ ।', उनले भने । मुख्यमन्त्री जम्कट्टेल काभ्रे सबैका लागि पायक पर्ने भएपनि हेटौंडा राजधानी कायम भइसकेको अवस्थामा त्यहाँ विकास कसरी गर्ने भन्ने बारेमा सरकारले विषेश प्राथमिकताका साथ अगाडि बढिरहेको बताउँछन् ।

'हामीले काठमाडौं-हेटौंडा जोड्ने मुख्य सडकको काम तीब्रगतिमा अगाडि बढाइरहेका छौं । हेटौंडा-काठमाडौंका वैकल्पिक मार्गको मंसिरसम्म कालोपत्रे गरेर सम्पन्न गर्ने तयारीमा छौं ।', मुख्यमन्त्री जम्कट्टेलले भने, 'भैंसे-भीमफेदीमा मुआब्जाको विषयमा केही विवाद भएको थियो तर, हामीले त्यहाँका स्थानीयलाई २२ लाखका दरले अनुदान दिएपछि काम अघि बढेको छ ।', मुख्यमन्त्री जम्कट्टेलले आफूले अघिल्लो कार्यकालमा पनि सडक स्तरोन्नतीको विषयमा संसदमा आवाज उठाउँदै आएको भन्दै आफू नेतृत्वमा पुगिसकेपछि सडक स्तरीकरणलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताए ।

# परिवर्तनकारी शक्तिको रुपमा उदाउने कमल थापाको उद्घोष

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ राप्रपा नेपालका अध्यक्ष कमल थापाले राप्रपा नेपालको अबको गन्तव्य संघीय गन्तव्यको नाममा कायम रहेको भ्रष्ट व्यवस्थाको अन्त्य भएको बताएका छन् ।

आइतबार काठमाडौंमा आयोजित पार्टी सम्बद्ध संयोजित संगठनको संयुक्त भेलालाई सम्बोधन गर्दै थापाले राप्रपा नेपाललाई परिवर्तनकारी शक्तिको रुपमा स्थापित गर्ने दृढतासमेत ब्यक्त गरे । मुलुकको सम्पूर्ण क्षेत्र राजनीतिकरणको चपेटामा परेको भन्दै थापाले भ्रष्टाचार रुपि महारोगले मुकुकको सबै अङ्गलाई क्षतबिक्षत् पारेको बताए ।

विदेशी हस्तक्षेप र प्रभाव नाङ्गो रुपमा बढेर गएको, बेरोजगारी समस्या र धर्म परिवर्तनको डढेलोबाट मुकुक आक्रान्त भएको चर्चा गर्दै थापाले न्यायालय जस्तो पबित्र ठाउँप्रति समेत जनताको भरोसा टुट्दै जानु बिडम्बनापूर्ण भएको टिप्पणी गरे । थापाले काण्डैकाण्डको पिरामिडमाथि खडा भएको अहिलेको राज्य प्रणालीले प्रजातन्त्रको संरक्षण, राष्ट्रिय स्वाधीनताको रक्षा र आर्थिक समृद्धिको सपना पूरा गर्न नसक्ने भन्दै मुलुक जोगाउने हो भने अब विकल्पमा जान ढिला गर्न नहुनेमा जोड दिए ।

भेलाले आगामी साउन ५ गते राप्रपा नेपाल आबद्ध संयोजित संगठनको आयोजनामा विरोध प्रदर्शन गर्ने निर्णयसमेत गरेको कार्यक्रमका सभापति नेपाल ट्रेड युनियन महासंघ (टुकोन)का अध्यक्ष हिक्मतजङ्ग भण्डारीले जानकारी दिए ।

# अवैध बालुवाखानी सञ्चालन भएको भन्दै प्रहरीमा उजुरी

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ मकवानपुको थाहा नगरपालिका वडा नम्बर ८ मा अवैधरुपमा बालुवाखानी सञ्चालन भएको भन्दै रोक्न र दोषीलाई कारबाहीको माग गर्दै स्थानीयले इलाका प्रहरी प्रहरी कार्यालयमा उजुरी दिइएको छ ।

निवेदनमा विगत केही समयदेखि नै प्राकृतिक विनास हुने गरी वालुवा उत्खनन भइरहेको उल्लेख छ । वालुवा खानीका कारण वरपरका खेतबारीमा असर परेको, पानीको मुहान सुकेको, पहिरो जाने लगायतका समस्या देखापरेको भनिएको छ । बालुवाखानीले क्षति पुऱ्याएको हदसम्म क्षतिपुर्ति दिलाइदिन समेत माग गरिएको छ ।

इलाका प्रहरी कार्यालय पालुङले निवेदन प्राप्त भएको र दुवै पक्षलाई छलफलमा बोलाइएको जानकारी दिएको छ । प्रहरीका अनुसार निवेदनमा नाम उल्लेख भएका र निवेदन दिने दुबै पक्षलाई छलफलमा बोलाइएको हो । असार २७ गते निवेदन परेको थियो । २८ गते दुवै पक्षलाई बोलाएको विपक्षीहरु आएनन् । २९ गतेका लागि फेरि बोलाएको निवेदक पक्षहरु आएनन् । ३० गते फेरि दुवै पक्षलाई बोलाइएको प्रहरीले बताएको छ ।

# कामकाज सरुवा फिर्ता गर्ने बागमतीको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ बागमती प्रदेश सरकारले संघीय सरकारलाई चुनौति दिँदै कामकाजमा खटाइएका कर्मचारीलाई फिर्ता गर्ने निर्णय गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कामकाज सरुवाका नाममा सबै प्रदेशमा कर्मचारीलाई आफूखुसी सरुवा गर्दै आएको छ । बागमतीले भने कामकाज सरुवाका कर्मचारीलाई दरवन्दीमै सरुवा गर्ने निर्णय गरेको छ । यसै विषयलाई लिएर प्रदेशमा कामकाजमा सरुवा भएका केही कर्मचारीले संघका विभागीय मन्त्री अमनलाल मोदीलाई भेटेका थिए । भेटमा मोदीले बागमतीले निर्णय गर्दैमा अहिले भइरहेको कामकाज सरुवा दरबन्दीमै पठाइहाल्ने अवस्था नरहेको जवाफ दिए ।

मन्त्री मोदीले साउनबाट आफूले दरबन्दी अनुसार नै कमैचारीको सरुवा गर्ने तयारी गरेको बताएका थिए । 'प्रदेशको निर्णय एउटा छ, संघीय सरकारको अर्को छ । हामीले कस्को निर्देशन मान्ने ? निजामति सेवा ऐन नआउँदा हामी कर्मचारी खटनपटनमा जहिल्यै समस्या देखिन्छ ।', प्रदेशका एक कर्मचारी गुनासो गर्छन् । संघीय सरकारले निजामति सेवा ऐन बनाउन सकेको छैन । तर, बागमती प्रदेश सरकारले अध्यादेशबाट निजामति ऐन बनाएर कर्मचारीको बढुवाबाट कार्यान्वयनसमेत सुरु गरि सकेको छ ।

# भन्सार छलेर ल्याएको काजु र कपडा बरामद

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ भन्सार छली ल्याएको काजु र कपडा जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५ रातोमाटेबाट बरामद गरेको छ ।

गएराति रातोमाटे चेकपोष्टस्थित वीरगञ्जबाट हेटौंडातर्फ आउँदैको यात्रुबाहक बसबाट बिलबिजक नभएको काजु २४ किलो र १००० थान लेडिज कुर्थासुरुवाल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार बसको पछाडिको डिक्कीभित्र लुकाईछिपाई ल्याएको अवस्थामा बरामद गरिएको हो । बरामद गरिएको लेडिज कुर्था ३ लाख ५० हजार र काजु २८ हजार ८०० मूल्य बराबरको रहेको प्रहरीले जनाएको छ । उक्त अबैध कपडा तथा काजु आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको बताइएको छ ।

# हेटौंडाबाट एकसय किलो गाँजासहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३१ असार/ मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नं.४ स्थित कर्राबाट प्रहरीले एक क्विन्टल लागुऔषध गाँजासहित एकजना पक्राउ गरेको छ । पक्राउ पर्नेमा गोरखा पालुङटार नगरपालिका वडा नम्बर ३ बस्ने ३७ वर्षीय दुर्गा दर्जी रहेका छन् ।

गएराति विशेष सूचनाको आधारमा प्रहरीले पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ च १६८८ नम्बरको बोलेरो पिकअप गाडी चेकजाँच गर्ने क्रममा गाडीबाट १०० किलो ६०० ग्राम गाँजा सहित चालक दर्जीलाई पक्राउ गरेको हो । उनीमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।


हेटौंडा उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**राजश्व संकलन कार्य बन्द हुने सम्बन्धमा**

प्रस्तुत बिषयमा यस कार्यालय अन्तर्गत राजश्व प्रशासन शाखाबाट सम्पादन हुँदै आएको राजश्व सम्बन्धी सेवाहरू आर्थिक बर्षको प्रारम्भमा कम्प्युटरकृत तथ्थांक अद्यावधिक र आन्तरिक तयारी गर्नु पर्ने भएकोले मिति २०८० श्रावण १ गते देखि ५ गते सम्म राजश्व प्रशासन शाखाबाट प्रदान गरिने सबै सेवाहरू तथा वडा कार्यालयबाट गरिने राजश्व सम्बन्धी सेवाहरू बन्द रहने ब्यहोरा सम्बन्धित सबै सेवाग्राहीहरूमा निर्देशानुसार जानकारी गराईन्छ । यसबाट सेवाग्राहिमा परेको असुबिधाप्रति उपमहानगरपालिका क्षमायाचना गर्दछ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**हार्दिक समवेदना**



जन्म: १९९८/०६/०२
स्वर्गारोहण: २०८०/०३/२०
स्व.रमादेवी मानन्धर

यस पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.का निवर्तमान अध्यक्ष श्री सुरेन्द्र कुमार मानन्धर ज्यूका ममतामयी माता एवम् यस संस्थाका पूर्व कार्यसमितिका महिला सदस्य श्री मीना महर्जन ज्यूका सासुआमा **रमादेवी मानन्धर**को देहावसान भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

रुपक राज बज्राचार्य (अध्यक्ष) एवम्
**सम्पूर्ण पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-२, मकवानपुर

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

**गोदामघर भाडामा चाहियो ?**

मकवानपुर जिल्लामा पर्ने पुर्व-पशिचम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

**हार्दिक समवेदना**



जन्म: १९९८/०६/०२
स्वर्गारोहण: २०८०/०३/२०
स्व.रमादेवी मानन्धर

यस खल:का सदस्य श्री सुरेन्द्र मानन्धरको ममतामयी माता **रमादेवी मानन्धर (गणेशमाया मानन्धर)को** असामायिक स्वर्गारोहण भएकोमा हामी अत्यन्त दु:खी भएका छौं । १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सुनकुमार मानन्धर (अध्यक्ष) एवम्**
**मानन्धर खल: परिवार, हेटौंडा**

त्रिवेणी भेजिटेवल मार्ट प्रा.लि. द्वारा सञ्चालित
**हेटौंडा कृषि तरकारी बजार**
हेटौंडा-४, मेनरोड, नारायणी मल संगै
यस तरकारी बजारको सेवाहरु:




नोट: केहि स्टल खाली रहेकोले बुकिङ्गको लागि छिटै सम्पर्क गर्नुहोला
९८६०५९८०५३, ९७४१६८०१८७, ९८५५०३३५५८


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना